डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्छ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८१ वैशाख ०९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 21 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २२९

## वेदीमा बस्न नदिएपछि दलितले जलयात्रा बहिष्कार गरे

सुग्रीव साह, भिस्वा, ८ वैशाख/

छिपहरमाई गाउँपालिका–१ मिर्जापुरमा श्रीश्रीश्री १०८ श्री



तस्वीर: प्रतीक

लक्ष्मीनारायण महायज्ञ एवं राधाकृष्णजीको प्राणप्रतिष्ठाका लागि शनिवार जलयात्रा निकालिएको छ । शनिवार निकालिएको जलयात्रा यहाँको दलित समुदायले बहिष्कार गर्‍यो ।

यज्ञको पूजा वेदीमा २० जना गैरदलित मात्र बस्ने निर्णयको विरोधमा उनीहरूले आज भएको जलयात्रा बहिष्कार गरेका हुन् । छिपहरमाई गापा–१ मिर्जापुरमा ७० घरपरिवार दलित छन् ।

स्थानीय भागीरथ रामले आफू वेदीमा बस्न इच्छुक रहेको तर गैरदलितहरूको विरोधका कारण सहभागी नगराउने निर्णय भएकोमा आपत्ति जनाएका छन् ।

उनले वेदीमा बस्नका लागि महायज्ञ तयारीका क्रममा आश्वासन दिएको, वेदीमा बस्नका लागि रु पाँच हजार चन्दासमेत लिएको र दुई महीना अघिदेखि महायज्ञ तयारीको लागि दलित समुदायलाई चन्दा सङ्कलनमा सहभागी गराएकामा अन्तिम समयमा एक साता अघिदेखि महायज्ञको वेदीमा दलित सहभागिता नहुने भनेर विवाद गरिएको आरोप लगाए ।

महायज्ञ समितिका अध्यक्ष एवं वडाध्यक्ष रामेश्वरप्रसाद यादवले वेदीमा बस्ने २० जनाले दलित सहभागिता भएपछि नबस्ने भनेर अडान लिएका कारण दलित सहभागिता नगराउने निर्णय भएको बताए ।

स्थानीय वृन्दा रामले चन्दा लिने तर वेदीमा सहभागी नगराउने कार्य घोर आपत्तिजनक भएको र यसै कारण दलितहरू जलयात्रामा सहभागी नभएको बताए । महायज्ञ हुन लागेको मिर्जापुरमा पौने तीन सयको हाराहारीमा दलित छन् ।

आज जलयात्रा भएको र भोलिदेखि नौ दिनसम्म महायज्ञ सञ्चालन हुने बताइएको छ । महायज्ञ हुने स्थानमा मनोरञ्जनका लागि रामलीला, झुला, मौतका कुवा र प्रवचनको व्यवस्था गरिएको छ ।

## सहोदरामाईको मन्दिरमा लागेको मेलाले ठोरी गुलजार

ओमप्रकाश, सेढवा, ८ वैशाख/

बिहार, पश्चिम चम्पारण जिल्लाको गौनाहा प्रखण्डमा यही वैशाख ५ गतेदेखि आदिशक्ति सहोदरामाईको मन्दिरमा लागेको १० दिने मेला भर्न जाने श्रद्धालु





भक्तजनका थप दुईवटा गन्तव्य थपिएका छन् । ती दुई गन्तव्यमा पर्साको पर्यटकीय स्थल ठोरी र बिहारको सोही प्रखण्डमा पर्ने भगवान् शिवको शोभा मन्दिर हो ।

आदिशक्ति सहोदरामाईको दर्शन तथा पाठपूजा गरी अधिकांश भक्तजन यी स्थानहरूको भ्रमणका लागि जाने गरेका छन् । बिहार राज्यमा मादक पदार्थ सेवन गर्न पूर्णरूपमा प्रतिबन्ध रहेको कारण यात्रीहरू ठोरी पुग्ने गरेका छन् । यात्रीहरू ठोरी पुगेर ठुटे खोलाको पुल, राईधारा, सीता गुफा, गोले डाँडा पुग्ने गरेका छन् । बारा जिल्ला करैयामाई गाउँपालिका निवासी साजन चौधरीले आफू सहोदरामाईको मेला भर्न पहिलोपटक आएको बताए । उनले प्रसिद्ध शोभा मन्दिर र पर्यटकीयस्थल ठोरीको नाम सुनेकोले यी ठाउँहरुको भ्रमण गरेको बताए । उनले सहोदरामाईको मन्दिरसँगै ठोरी भ्रमण गर्दा राम्रो अनुभूति भएको बताए । आगामी दिनमा ठोरी फेरि पनि घुम्न आउने उनले बताए ।

वीरगंज–ठोरी हुलाकी सडक निर्माण भएको कारण पनि नेपालबाट सहोदरामाईको मन्दिरमा मेला भर्न जाने अधिकांश भक्तजन ठोरी भएर जाने गरेका छन् । बिहारको प्रहरी प्रशासनले पनि चार चक्का सवारीसाधन आवागमनका लागि ठोरी र इनर्वा नाका मात्रै खुला गरेका छन् ।

शोभा मन्दिर भ्रमणका लागि बिहारका भक्तजनहरूको ठूलो सङ्ख्यामा भीड बढेको छ । आदिशक्ति सहोदरामाईको मन्दिरभन्दा करीब आठ किलोमिटर उत्तरपश्चिम दोमाठ पञ्चायतका महजोगिन गाउँभन्दा उत्तर डाँडामा शोभा मन्दिर छ । प्राचीनकालमा सो क्षेत्रका राजा हेतु कुँवर थिए । उनकै पालामा मन्दिरको उत्पत्ति भएको र मन्दिरभित्र एउटा सुरुङ पनि छ । जसलाई भारत सरकारले अहिले एउटा दुलो मात्र राखेर बन्द गरेको छ ।

मन्दिरको छेउमा पण्डई नदी छ । मन्दिर क्षेत्रमा पाँच पाण्डव वनवास गएका बेला बसोबास गरेका र खोलामा नित्यकर्म गरेकाले खोलाको नाम पण्डई भएको किंवदन्ती छ । ठोरीको ठुटे खोला भारतमा पण्डई नामले परिचित छ ।

## आगलागीबाट तीन घर र दशौं बिघा गहुँबाली नष्ट

सुग्रीव साह, भिस्वा, ८ वैशाख/

भारतीय सीमावर्ती बेतिया जिल्ला, मैनाटार प्रखण्डको बसनपुरका किसानले



तस्वीर: प्रतीक

गहुँको खेतमा रहेको ठुटो र छ्वालीमा आगो लगाउँदा त्यसको झिल्कोले नेपालतर्फ आगलागी फैलिएर ठूलो परिमाणमा क्षति भएको छ । बसनपुरका किसानले आफ्नो खेतमा गहुँ काटेपछि रहेको ठुटो र छ्वालीमा आगो लगाएका थिए । आज बेस्सरी हावा चलेको कारण त्यहाँबाट झिल्को आएर नेपालतर्फ नहर पारि तीनवटा घर र दशौं बिघा गहुँबालीमा आगो सल्केर क्षति पुर्‍याएको छ ।

नेपालतर्फ छिपहरमाई गापा–१ मिर्जापुरको भलुवहियामा बिसुन तेली, किशुनदेव यादव, अर्जुन यादव, जुगुल यादव, साहेब राउत अहिर, हाकिम यादव, विश्वनाथ यादव, भिखारी राय पासवान, वीरेन्द्र यादवसहित दुईजनाको घर, मनबोध यादवको कुखुरा फार्म र सो क्षेत्रमा रहेका दशौं बिघा रहेको गहुँबाली आगलागीको चपेटामा परेका छन् ।

कुखुरा फार्ममा कुखुरा देखिएन तर फार्म सञ्चालक मनबोध यादवले भने कुखुरा दुई हजार, डब्बा, भाँडाबर्तन गरी लाखौं मूल्यको क्षति भएको बताए । जिल्ला प्रहरी कार्यालय, पर्साले ताराचन्द्र साह यादवसहितको दशौं बिघा गहुँबाली गरी करीब साढे १२ लाख रुपैयाँ बराबरको क्षति अनुमान गरिएको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले बताए । उनले कुखुरा फार्मका सञ्चालक यादवको चार लाख रुपैयाँ बराबर क्षति भएको बताए । आगलागी भएको स्थलदेखि दुई सय मिटर दक्षिणतर्फ आजदेखि १० दिने विष्णु महायज्ञ शुरू भएको छ ।

## भन्सार र सशस्त्रद्वारा ट्रान्सपोर्टमा छापामारी

प्रस, वीरगंज, ८ वैशाख/

वीरगंज भन्सार कार्यालय र सो मातहत सशस्त्र प्रहरी नेतृत्वको भन्सार दुर्गा ट्रान्सपोर्टमा छापा मारी लाखौं मूल्यको सामान नियन्त्रणमा लिएको छ ।

भन्सार र राजस्व गस्तीको संयुक्त



तस्वीर: प्रतीक

राजस्व गस्ती टोलीले शनिवार बिहान वीरगंज महानगर–१० आदर्शनगरस्थित टोलीले ट्रान्सपोर्टको गोदाममा लागेको ताला तोडेर त्यहाँ राखिएका कपडा, काजु, ग्याँस चुलो, स्टीलका सामान, साडी आदि नियन्त्रणमा लिएको थियो ।

ट्रान्सपोर्ट सञ्चालक मदन गुप्ताले विभिन्न स्थानमा पठाउनका लागि

(बाँकी अन्तिम पातामा)

## किशोरीको उद्धार, युवक पक्राउ

प्रस, वीरगंज, ८ वैशाख/

मानव बेचबिखन विरोधी एकाइ बेतियाको रक्सौलस्थित एकाइले शनिवार एकजना भारतीय किशोरीको उद्धार गरेको छ ।

बेतिया निवासी १७ वर्षीया किशोरीको उद्धार गरेको र निजलाई ललाइफकाइ नेपाल ल्याउने कार्यमा संलग्न युवक समीर आलमलाई पक्राउ गरेको इन्स्पेक्टर मनोज शर्माले बताए ।

उनले किशोरीलाई नेपाल लैजान लागेको सूचनाको आधारमा समीर आलमलाई किशोरीलाई नेपाल ल्याउने क्रममा पक्राउ गरिएको बताए । दुई



तस्वीर: प्रतीक

महीनादेखि किशोरीलाई पिछा गरेर प्रेमजालमा फसाएका समीरले आज नेपाल ल्याउन लाग्दा उनलाई पक्राउ गरी बालविवाह अन्तर्गत मुद्दा चलाइएको इन्स्पेक्टर शर्माले बताए । किशोरीकी साथी सलमा खातुनको बिहेमा समीरले किशोरीसँग सम्बन्ध बढाउन खोजेको र दुई महीनाको प्रयासमा उनले नाबालिकालाई प्रेमजालमा फसाउन सफल भएपछि उनीसँग बिहे गर्ने भनेर नेपाल ल्याउन खोजेको इन्स्पेक्टर शर्माले उद्धृत गर्दै बताए ।

## दुईजना महिलासहित ६६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ८ वैशाख/

वीरगंज महानगरपालिकामा शनिवार दुई स्थानमा भएको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ६६ जना सहभागी भएका छन् ।

वीरगंज महानगरपालिका–९ रानीघाटमा दुर्गा पूजा समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा ४६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक सौरभराज पाण्डेयले बताए ।

कार्यक्रममा राकेश कुशवाहा, धर्मेन्द्र साह, मनीष सर्राफ, सोनु गुप्ता, निरञ्जन कानू, राज सर्राफ, श्याम गुप्ता, विजय राम, मुना पटेल, प्रिन्स कलवारलगायतले रक्तदान गरेको पाण्डेयले बताए ।





तस्वीर: प्रतीक

यसैगरी, स्वास्थ्य बीमाले वार्षिकोत्सवमा आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित २० जनाले रक्तदान गरेको उनले बताए ।

## विचारसार र सूक्तिहरू

**ताकत आवाजमा होइन विचारमा राख किनभने फसल वर्षाले हुन्छ, बाढीले होइन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# दैनिक जीवनमा प्रत्याहारको साधना

प्रत्याहार पातञ्जल योगसूत्रमा साधनाको एउटा महत्त्वपूर्ण खुडकिलो हो । हेर्ने हो भने योगको वास्तविक शुभारम्भ यहींबाट हुन्छ; किनकि यसभन्दा पहिलेका खुडकिलाहरू योगको प्राथमिक तयारी हो, जस अन्तर्गत, यम-नियमको माध्यमले आफ्नो विचार एवं व्यवहारको स्थिरता एवं सन्तुलन कायम गर्ने प्रयास गरिन्छ, त्यहीं आसन-प्राणायामको माध्यमले तन-मन एवं प्राणको स्थिर एवं स्वस्थ आधार तयार हुन्छ । यस तयारीपछि मनलाई बाह्य विषयहरूबाट समेट्दै त्यही एक तत्त्व, त्यही परम सत्य, आत्मतत्त्वतिर अन्तर्मुख पारिन्छ। मनलाई अन्तर्मुखी बनाउने यही प्रक्रिया नै प्रत्याहार हो, जसपछि धारणा-ध्यानको क्रम शुरू हुन्छ ।

**आजको सञ्चार क्रान्तिको युगमा, जब भोगवादको आँधीमा व्यक्ति पातझैं उडिरहेको छ, विषयभोगहरूमा आकण्ठ संलिप्त छ, प्रत्याहारको महत्त्व बढ्छ । स्मार्टफोन आफ्ना कैयौं उपयोगिताका बावजूद आफ्नो मायावी स्वरूपका कारण ठूलो चुनौती एवं समस्याको रूपमा अगाडि उभिएको छ ।**

प्रत्याहार-प्रति र आहार शब्द मिलेर बनेको छ । प्रतिको अर्थ हुन्छ विपरीत अर्थात् इन्द्रियहरूका जुन विषय वा आहार छन्, इन्द्रियहरूलाई त्यसविपरीत गरिदिनु प्रत्याहार हो । यस प्रकार प्रत्याहारको अर्थ इन्द्रियहरूलाई विषयहरूबाट पछि हटाउनु वा तान्नु पनि हो । पातञ्जल योगसूत्रमा महर्षि पतञ्जलिका अनुसार-आफ्ना विषयहरूको सम्बन्धबाट रहित भएपछि इन्द्रियहरू, जब चित्तस्वरूपमा तदाकार हुन्छन्, त्यो प्रत्याहार हो। स्वामी विवेकानन्दको शब्दमा-यदि तिमी चित्तलाई विभिन्न आकृति धारण गर्नबाट रोक्न सक्छौ भने मात्र तिम्रो मन शान्त हुन्छ र इन्द्रियहरू पनि मनको अनुरूप बन्न पुग्छन्। यसैलाई प्रत्याहार भनिन्छ। यस प्रकार प्रत्याहार इन्द्रियहरू विषयहरूबाट विमुख हुनु हो, आफ्नो बहिर्मुखी विषयबाट पछि हटेर अन्तर्मुखी हुनु हो ।

युगऋषि पं श्रीराम शर्मा आचार्यको शब्दमा-इन्द्रियहरू विषयहरूबाट अलग हुनु नै प्रत्याहार हो। जुन बेला साधकले आफ्नो साधनाकालमा इन्द्रियहरूको विषयहरूलाई परित्याग गरिदिन्छ र चित्तलाई आफ्नो इष्टमा एकाकार पार्छ, अनि त्यस बेला जुन चिन्तन, इन्द्रियहरूका विषयहरूतर्फ नगएर, चित्तमा समाहित हुन्छ, त्यही प्रत्याहार सिद्धिको पहिचान हो । यो क्रमिकरूपले साधना-पथमा अगाडि बढ्दै गर्दा घटित हुन्छ ।

यम, नियम, आसन, प्राणायामका क्रियाद्वारा अभ्यास गर्दागर्दा मन एवं समस्त इन्द्रियहरू परिष्कृत हुन्छन्, तत्पश्चात् इन्द्रियहरूको बाह्यवृत्तिहरूलाई सबैतिर हटाएर तथा एकत्र गरेर मनमा लय गर्ने अभ्यासलाई प्रत्याहार भनिन्छ। इन्द्रियहरू जहाँजहाँ जान्छन्, त्यहाँत्यहाँबाट इन्द्रियहरूलाई फर्काएर मनलाई अन्तर्मुखी पार्ने अभ्यास गरिन्छ। गुरुदेव आचार्यका अनुसार प्रत्याहारको सिद्धिपश्चात् इन्द्रियजीत हुनका लागि योगीलाई फेरि अन्य कुनै साधन आवश्यक पर्दैन। महर्षि व्यासका अनुसार, चित्तको एकाग्रता भएपछि विषयहरूप्रति इन्द्रियहरूको जुन अप्रवृत्ति हुन्छ अर्थात् विषय संयोग-शून्यता हुन्छ, त्यही इन्द्रिय-जय हो ।

दैनिक जीवनमा व्यक्ति जहाँ छ, त्यहींबाट प्रत्याहारको अभ्यास गर्दै योग-साधनाको मार्गमा अगाडि बढ्न सक्छ। व्यावहारिक जीवनमा उपवास एवं मौनजस्ता व्रत प्रत्याहारका नै अभ्यास हुन्; किनकि तब इन्द्रियहरूलाई तिनको आहारबाट वञ्चित गरिन्छ। यी व्रत-साधनाहरूको उद्देश्य शरीर, मन र इन्द्रियहरूको भोक मार्नु होइन, अपितु गलत अभ्यासका कारण विषयहरूप्रति यिनको अत्यधिक संलिप्तता एवं आसक्तिमा अंकुश लगाउनु हो, जुन गलत बानीको रूपमा, कुनै व्यसनजस्तै व्यक्तिको जीवनलाई भित्रबाट खोक्रो पारिरहेको छ। आफ्नो विवेकको आधारमा साधक बर्हिमुख इन्द्रियहरू एवं मनलाई अनुशासित गर्दछ र आफ्नो नियन्त्रण स्थापित गर्दछ।

आजको सञ्चार क्रान्तिको युगमा, जब भोगवादको आँधीमा व्यक्ति पातझैं उडिरहेको छ, विषयभोगहरूमा आकण्ठ संलिप्त छ, यस्तोमा प्रत्याहारको महत्त्व बढ्छ । स्मार्टफोन आफ्ना कैयौं उपयोगिताका बावजूद आफ्नो मायावी स्वरूपका कारण एउटा ठूलो चुनौती एवं समस्याको रूपमा अगाडि उभिएको छ। बच्चा होस् वा बूढो, युवा होस् वा किशोर, स्त्री होस् वा पुरुष सबै यसका अधीन छन् र आँखा चिम्लेर यसको प्रयोग गर्छन्। अवस्था कस्तो बनेको छ भने यसविना अधिकांश मानिस बाँच्नै सक्दैन । यसको अत्यधिक उपयोगका साथ यसको दुरुपयोगले जीवनको सुख-शान्ति एवं सन्तुलन खोसिइरहेको छ कैयौं मानिस कैयौं प्रकारका विकृतिहरूको शिकार भइरहेका छन्।

अत्यधिक उपयोगका कारण व्यक्तिको स्वास्थ्यमा यसको प्रतिकूल प्रभाव परिरहेको छ। लगातार घोरिएर फोनको स्क्रीन हेरिरहँदा आँखा शुष्क हुन जान्छ । यसले एक त व्यक्तिको आँखा कमजोर हुन्छ, साथै उसको स्मरणशक्ति र एकाग्रता क्षय हुन थाल्छ। मनको अस्थिरता एवं चञ्चलता बढ्न पुग्छ । जीवनका दैनिक कार्य एवं कर्तव्यको पनि सही किसिमले निर्वहन हुन पाउँदैन । आपसी सम्बन्धमा पनि कैयौं प्रकारका विसङ्गतिको पनि यो कारण बन्न पुग्दछ । को, कुन कुराले गर्दा, कोसँग रुष्ट छ, मुख फुलाएको छ, यसको पनि अनुमान गर्नु कठिन भएको छ र व्यक्ति अनावश्यक तनाव, चिन्ता एवं द्विविधाको अवस्थामा रहन्छ ।

आज स्मार्टफोनको कब्जामा परेका मानिसहरूलाई यसबाट बाहिर निकाल्नका लागि डिजिटल डिटोक्सका कुरा भइरहेका छन् र यसका कैयौं केन्द्र खुलिसकेका छन् । यी केन्द्रहरूमा चलिरहेका उपचारलाई योगको भाषामा प्रत्याहारको प्रक्रिया भन्न सकिन्छ। तपाईं चाहनुहुन्छ भने घरमा आफ्नो फोनमा केही सप्ताहसम्म इन्टरनेट सुविधा बन्द गरेर वा सीमित उपयोग गरेर यस प्रकारको प्रयोग गर्न सक्नुहुन्छ । यदि कसैसँग संवाद गर्नु नै छ भने मेसेन्जरको माध्यमले गर्न सकिन्छ वा मेल गरेर आवश्यक कार्य गर्न सकिन्छ।

स्मार्टफोनमा छरिएका र तनावका कारण बनेका सोसल मेडिया एप्सलाई सामयिकरूपले निष्क्रिय पनि बनाउन सकिन्छ। बढी आवश्यक छ भने आफ्नो कम्प्युटर प्रणालीमार्फत महत्त्वपूर्ण कामहरू गर्न सकिन्छ। आवश्यक परेमा यी एप्सहरूलाई अस्थायीरूपमा चालू पनि गर्न सकिन्छ र प्रत्येक क्षण अनावश्यक सूचनाहरूको बाढीको दबाबबाट पनि जोगिन सकिन्छ।

प्रत्याहारको यो प्रयोग तपाईंको शारीरिक एवं मानसिक स्वास्थ्यको दृष्टिले निकै उपयोगी साबित हुनेछ । दुईचार हप्ता पनि यसको अभ्यास गरियो भने मनको हराएको लय पुनः फर्केर आउँछ । एकाग्रता एवं स्मरणशक्तिमा पनि वृद्धि हुन्छ। तपाईंसँग काम गर्नका लागि अतिरिक्त समय पनि रहने छ, जसमा कैयौं आवश्यक काम निष्पन्न हुन सक्छन् । यसका साथै तपाईंको कार्य-क्षमतामा वृद्धि हुन्छ, प्रतिभा उजेलिन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा तपाई मालिकजस्तो मोबाइलको उपयोग गर्नुहुनेछ, गुलाम बनेर होइन। प्रत्याहारका यस्तो प्रयोगले तपाईंलाई योग-पथको उच्चतर आयामतर्फ अगाडि बढाइरहने छ।

# छिमेकी अर्थतन्त्र : अवसरको अर्थ-राजनीति

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**भारत र चीन अहिले नेपालमा रेलमार्ग निर्माणमा प्रतिस्पर्धी तरीकाले उत्रेका छन् । उत्तरतिर चीनले रेलमार्ग बनाइदिने योजना चलिराख्दा भारतले दक्षिणी सिमानाबाट काठमाडौंसम्म रेल कुदाइदिने भयो । यस्ता प्रतिस्पर्धा नेपालप्रतिको उनीहरूको लगावका कारण होइन, शक्ति राष्ट्रको वर्चस्वको होड बढी हो ।**

अर्थमन्त्री वर्षमान पुनले हालै भारतीय उद्यमीहरूसँग भएको भेटमा सरकार भारतीय अर्थतन्त्रबाट लाभ लिने नीतिमा रहेको बताए। तर, कसरी ? औपचारिक भेटवार्तामा प्रकट हुने प्रतिबद्धताको कुरामात्र हो भने जे भनिदिए पनि भयो, तर सरकारी कार्यशैली हेर्दा भारतीय अर्थनीतिसँग तादाम्य मिलाएर हाम्रो आर्थिक क्रियाकलापलाई प्रभावकारी बनाउने योजना टाढाटाढासम्म देखिएको छैन। भारतमात्र होइन, अर्को उदीयमान अर्थतन्त्र चीन पनि हाम्रो लागि अवसर हो । विश्व अर्थतन्त्रमा वर्चस्व स्थापित गर्ने होडमा अग्रसर भारत र चीन हाम्रा लागि जति अवसर हुन्, उपयोगमा ढङ्ग पुऱ्याउन जानिएन भने ती गम्भीर चुनौती पनि हुन् भन्नेमा नेतृत्वले हेक्का राख्न आवश्यक ठानेको छैन। हाम्रो समकालीन अर्थतन्त्रको यो गम्भीर समस्या हो ।

हाम्रो आयात-निर्यातको अवस्था हेर्ने हो भने सबैभन्दा ठूलो व्यापार साझेदार भारत हो । त्यसपछि दोस्रो नम्बरमा चीन आउँछ । भौगोलिक सहजताले भारतसँग व्यापार सहज छ। तर यी दुवै देशसँग व्यापार गर्दा हामीले खबौं रुपियाँ व्यापारघाटा बेहोरिरहेका छौं । अर्थात् निरन्तर घाटाको व्यापार सहेर पनि यी दुई अर्थतन्त्रलाई हामीले आर्थिक अवसरको रूपमा अर्थ्याउन छोडेका छैनौं। विश्व राजनीतिमा आर्थिक स्वार्थलाई सम्बन्धको मानक मानिएको अहिलेको अवस्थामा कुनै पनि देशले छिमेकी हुनुकै कारण निस्स्वार्थ अवसर निर्माण गरिदिन्छ भन्ठान्नु दिवा स्वप्नभन्दा बढी केही होइन ।

अबको एक दशकमा चीनले विश्व अर्थतन्त्रमा एक नम्बर स्थान बनाउँदा भारत दोस्रो बन्ने प्रक्षेपण छ । विश्व अर्थ-राजनीतिमा यी देशको प्रतिस्पर्धी विकासबाट हामीले कति लाभ लिन सक्छौं, त्यो आफ्नै सामर्थ्यमा भर पर्ने विषय हो । समृद्धि र सुखसम्म पुग्ने लक्ष्य बनाउने हो भने नेपालले विकासमा फडको मार्ने बेला यही हो। तर छिमेकीको तीव्र आर्थिक विकासलाई अवसरमा रूपान्तरणको सापेक्ष आधार निर्माण गर्न सकेमात्रै उपलब्धि हात लाग्न सक्छ। मौका कसैले किस्तीमा सजाएर दिने चीज होइन ।

बलिया छिमेकीबाट अवसर बटुल्न जुन स्तरको आन्तरिक तयारी र कूटनीतिक चातुर्य हुनुपर्ने हो, त्यसको छनकसमेत मिल्न सकेको छैन। आर्थिक र सामाजिकरूपमा जति नै निकट सम्बन्ध भए पनि स्वार्थ बाझिनेबित्तिकै छिमेकीको व्यवहार कस्तो हुन्छ भन्ने कुराको भेउ पाउन २०७२ सालमा भारतले लगाएको नाकाबन्दी स्मरण गरे पुग्छ। त्यसताका चीनले नेपाललाई अपेक्षित सहयोग गरेन। उसले भारतसितै मिल्ने अर्ती दियो । कारण अरू केही होइन । भारत र चीनलाई आर्थिक स्वार्थले नै एकअर्काको रुचिबाहिर जान रोकेको छ। यी देशले एकअर्कालाई जति ठूलो प्रतिस्पर्धी ठाने पनि आर्थिक स्वार्थ आउनेबित्तिकै एकै ठाउँमा उभिन्छन्। दुवै देश एकअर्काका ठूला व्यापार साझेदार हुन् भन्ने त यी देशबीचको व्यापार आँकडाले नै देखाउँछ। अन्य कसैका निम्ति उनीहरू यो अवसर गुमाउन तयार नहुनु अस्वाभाविक होइन।

भारत र चीनको आर्थिक अभिवृद्धि र त्यहाँको बजारलाई अवसरको रूपमा बढी बुझ्ने गरिएको छ। नेपाली उत्पादन र ऊर्जा भारत र चीनमा निकासी गरेर मनग्य आम्दानी भित्र्याउने कुरा सुनिन्छ। बिजुलीको सवालमा त बङ्गलादेशको नाम पनि अग्र स्थानमा छ । हामी बिजुली निकासीको कुरा गर्छौं, भारतले नेपालभन्दा सस्तो दरमा बिजुली उत्पादन गर्न थालिसक्यो । यस्ता सम्भाव्यताको दोहनका रणनीतिक योजना भने देख्न पाइएको छैन। अहिले त आन्तरिक उद्योग नै दैनिक १४ घण्टा लोडसेडिङको मारमा परेका समाचार आइरहेका छन् । निकासीयोग्य उत्पादनका निम्ति वर्तमान नीति नियम पर्याप्त छैन । औसत नीति अवरोधको रूपमा उभिएका छन् ।

छिमेकी बजारमा वस्तु निकासी कसरी हुन्छ ? सरकारले सिमेन्ट र डण्डी निकासी गर्ने भन्यो। तर, यो परीक्षणमा सीमित भयो। सफल हुन सकेन। भारतले गुणस्तरको विषय उठाएर निकासी रोकिदिएको छ। यसमा कच्चा पदार्थको स्रोतको पनि कुरा छ। तर, यस्ता समस्या समाधान गर्ने सवालमा सरकारको कूटनीति देखिएन । यो नमूनामात्र हो, सरकारका पदाधिकारीहरू कुरामात्र गर्ने, काममा पछाडि पर्ने प्रवृत्ति मूल समस्या हो । सरकारले विश्व व्यापार सङ्गठन, दक्षिण एशियाली स्वतन्त्र व्यापार सम्झौता, बहुक्षेत्रीय प्रविधि तथा आर्थिक सहायतासम्बन्धी बङ्गालको खाडीको प्रयासजस्ता अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनका आधारभूत मान्यता स्वीकार गरेको छ। यस्तोमा सरकारले ती मान्यता लागू गर्दै उत्पादनलाई प्रतिस्पर्धी बनाउनु पर्दछ ।

ठूला अर्थतन्त्रबीच बजार विस्तारको लडाइँ स्वाभाविक हो । चीन विश्वमैं सस्तो उत्पादनमा अग्रणी मानिन्छ। यही विशेषता उसको पहिचान र प्रभाव विस्तारको बल हो । भारत चीनसँग उत्पादनका लागत घटाउने प्रतिस्पर्धा गरिराखेको छ। यो अवस्थामा हामीलाई छिमेकी बजारमा आफ्नो उपस्थिति त परको कुरा, आफ्नै बजार जोगाउन कठिन हुनेछ । उत्पादनको खर्च कटौती र प्रतिस्पर्धी क्षमता नबढाउने हो भने भारत र चीन नेपालको अर्थतन्त्रका लागि अवसर होइन, चुनौती बन्नेछन्। उत्पादन लागत घटाएर आयात प्रतिस्थापनलाई प्राथमिकतामा राख्नुपर्दछ। आयात घट्नु भनेको निर्यातसरह हो । दुई उदीयमान अर्थतन्त्रको बीचमा रहेर आर्थिक विकासको लय सहज बनाउन उत्पादनका मुख्य आयामहरू पूँजीको लागत, प्रविधि, श्रम, ऊर्जा र ढुवानीको खर्च घटाएर प्रतिस्पर्धी क्षमतामा दरिनुबाहेक विकल्प छैन ।

चीनतर्फ हेरौं, नेपाल-चीन पारहवन तथा यातायात सम्झौता कार्यान्वयनका लागि प्रोटोकलमा हस्ताक्षर भइसकेको छ । चीनको महत्त्वाकाङ्क्षी योजना बीआरआईमा सरकारले हस्ताक्षर गरेको छ । नेपालले चीनका चारवटा समुद्री बन्दरगाह र ३ सुक्खा बन्दरगाह उपयोग गर्न पाउने भनिएको थियो। पारवहनका थप नाका र मार्ग उपलब्ध गराउन चीन सहमत भएका समाचार पढिएको थियो । तर, त्यसको अद्यावधिक अवस्था के छ ? सरकारलाई नै थाहा छैन । राजनीतिक तहमा भएका यस्ता सहकार्यका आधार अघि बढाउने तत्परता किन देखिन्न ? समस्याको चुरो यहींनिर छ। अर्को, चीनतिरको पारवहन सहज भएलगत्तै नेपाली बजारमा भारत र चीनका उत्पादनको प्रतिस्पर्धा रोक्न सकिंदैन । भारतबाट औपचारिक कारोबारको ३५ प्रतिशत बराबर सामान अनौपचारिक माध्यमबाट भित्रिने गरेको अध्ययनले देखाएको छ । समयान्तरमा चीनतिर पनि यो समस्या नआउला भन्ने आधार छैन। यसमा आवश्यक सतर्कता देखिएको छैन। ।

भारत र चीन अहिले नेपालमा रेलमार्ग निर्माणमा प्रतिस्पर्धी तरीकाले उत्रेका छन्। उत्तरतिर चीनले रेलमार्ग बनाइदिने योजना चलिराख्दा भारतले दक्षिणी सिमानाबाट काठमाडौंसम्म रेल कुदाइदिने भयो । यस्ता प्रतिस्पर्धा नेपालप्रतिको उनीहरूको लगावका कारण होइन, शक्ति राष्ट्रको वर्चस्वको होड बढी हो । तर यी दुई छिमेकीबीचको यो प्रतिस्पर्धालाई कसरी हितमा उपयोग गर्ने, यस कुरामा हाम्रो कूटनीति कमजोर छ।

# हिमाल हेर्न नेपाल आएका पिटर शैक्षिक उन्नयनमा सक्रिय

बेनी (म्याग्दी), ८ वैशाख/ रासस

अस्ट्रेलियाका पिटर जेटी हल सन् १९९३ मा पहिलोपटक भ्रमणाको सिलसिलामा म्याग्दी आएका थिए । ट्रेकिङ पर्यटकका रूपमा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ को पर्यटकीयस्थल खोप्रा-खयर क्षेत्रको भ्रमणमा आएका पिटर अहिले सामुदायिक विद्यालयको शैक्षिक उन्नयनमा सक्रिय छन् ।



नेपालको पहिलो भ्रमणका क्रममा खोप्रा-खयर क्षेत्रमा पुगेका पिटर यहाँको प्राकृतिक सौन्दर्यताले लोभिए। भ्रमण सकेर स्वदेश फर्किएपछि पिटरको समूह सन् १९९८ मा पुनः सोही क्षेत्रको भ्रमणमा निस्किए । दोस्रोपटकको भ्रमणमा पिटरको समूहले खोप्रा-खयर क्षेत्रको पदयात्रा मात्रै गरेन, उनीहरूले यसै पदमार्गमा पर्ने पाउद्वार गाउँमा पुगेर गाउँको अवस्था र समस्यासँग अन्तरघुलन हुने प्रयास गरेका थिए ।

"पहिलोपटक हामी हिमाल हेर्न नेपाल आएका थियौं, दोस्रोपटक हामी यहाँको लालीगुराँस हेर्न आयौं, त्यस बखत हामीले यहाँको जनजीवन र अवस्थासमेत बुझ्न पायौं, यहाँका स्थानीयसँग भेट भएपछि हामी समुदायको अगुवाइमा शैक्षिक सुधारमा जोडिन पुगेका हौं," पिटरले भने । हिमाल र गुराँसलाई नजीकबाट हेर्न डाँडाकाँडामा घुम्न नेपाल आएका पिटर यसबीचमा १९ पटक नेपाल आएका छन्।

सन् २००१ मा तेस्रोपटक पिटर दम्पती नेपाल भ्रमणको सिलसिलामा पुनः पाउद्वार गाउँमा पुगेको थियो । यसपटक पिटरको भ्रमण पाउद्वार गाउँको शैक्षिक सुधारमा योगदान गर्ने उद्देश्यमा केन्द्रित थियो ।

पिटर दम्पतीलाई स्थानीय पाउद्वार माविमा भव्य स्वागत भयो। गाउँलेको अगुवाइमा सञ्चालन भएको पाउद्वार माविसहित यस क्षेत्रका सामुदायिक विद्यालयको शैक्षिक विकास र गुणस्तर सुधारमा पिटरको चासो र ध्यान केन्द्रित भयो ।

चौथोपटक सन् २००८ मा नेपाल आएका पिटरले ग्रामीण भेगका विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षण सिकाइ र शैक्षिक सामग्रीको व्यवस्थापन सम्बन्धमा शिक्षकलाई तालीम दिने योजना अघि सारे। तत्कालीन शिख गाविस अन्तर्गतका विभिन्न छवटा विद्यालयका शिक्षकलाई पिटरले व्यक्तिगतरूपमा आर्थिक सहयोग गरेर रिड नेपालमार्फत तालीम दिन शुरू गरेका थिए ।

सुरुआतका वर्षहरूमा व्यक्तिगतरूपमा आर्थिक सहयोग गर्दै आएका पिटरले पछिल्लो एक दशकयता भने संस्थागतरूपमा आर्थिक सहयोग गर्दै आएका छन् ।

तत्कालीन पाउद्वार माविका शिक्षकसमेत रहेका कृष्ण तिलिजाको नेतृत्वमा नेपालमा समृद्ध ग्रामीण

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# नयाँ वित्तीय साधनका लागि विश्व बैंकलाई ११ अर्ब अमेरिकी डलर कोष प्राप्त

वाशिङ्टन, ८ वैशाख/एएनआई

विश्व बैंकले ऋण क्षमता अभिवृद्धि तथा साझा विश्वव्यापी चुनौतीहरूको सम्बोधन गर्ने उद्देश्यले नयाँ वित्तीय साधनहरूका लागि ११ अर्ब अमेरिकी डलरको अनुमोदन प्राप्त गरेको छ।

११ वटा देशले पोर्टफोलियो ग्यारेन्टी प्लेटफर्म, हाइब्रिड क्यापिटल संयन्त्र र नयाँ कोषको लागि कुल ११ अर्ब अमेरिकी डलरको प्रतिबद्धता घोषणा गरेको बैंकद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

विश्व बैंक समूहको लिभरेजिङ क्षमताले प्रदान गरिएका स्रोतहरूमा १० वर्षमा छदेखि आठ गुणा गर्न अनुमति दिन्छ र प्रतिज्ञा गरिएको स्रोतहरूमा निश्चित परिस्थितिमा यो १० गुणासम्म पुग्न सक्छ।

यी प्रतिज्ञा गरिएका स्रोतहरूले सीमापार चुनौतीहरूको सामना गर्न र विकास लक्ष्यहरूलाई अगाडि बढाउन तत्काल कोषमा ७० अर्ब डलरसम्म उपलब्ध गराउन सक्छ।

"हामीले यी नयाँ वित्तीय साधनहरू विकास गर्न कडा परिश्रम गरेकाले हाम्रो उधारो क्षमतालाई बढावा दिन्छ, दाता कोषलाई बढाउँछ र अन्ततः हामीलाई धेरै मानिसको जीवनमा सुधार गर्न अनुमति दिन्छ," विश्व बैंक समूहका अध्यक्ष अजय बङ्गाले भने, "यी मुलुकका उदारता हामीले बैंक सुधार गर्न गरेको प्रगतिको समर्थन हो र विश्वव्यापीरूपमा विकासका लागि उनीहरूको साझा प्रतिबद्धताको सङ्केत पनि हो।"

बेल्जियम, फ्रान्स, जापान, अमेरिकालगायत ११ मुलुकले पोर्टफोलियो ग्यारेन्टी प्लेटफर्ममा प्रतिज्ञा गरेका छन् भने डेनमार्क, जर्मनी, इटाली, लातभिया, नेदरल्यान्ड्स, नर्वे र बेलायतले हाइब्रिड पूँजीका लागि प्रतिबद्धता व्यक्त गरेका छन्।

जापानले नयाँ लिभेवल प्लानेट फन्डमा प्रारम्भिक योगदान गर्नका लागि प्रतिबद्धता जनाएको छ। मुलुकहरूको आपसी योगदानले पर्यावरणीय चुनौतीहरूको सामनामा अन्तर्राष्ट्रिय सहयोगको महत्त्वमाथि प्रस्ट पार्छ। रासस

# आइओसीद्वारा ओलम्पिक आर्टिफिसियल इन्टेलिजेन्स एजेन्डा शुरू

लन्डन, ८ वैशाख/सिन्ह्वा

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले शुक्रवार ओलम्पिक आर्टिफिसियल इन्टेलिजेन्स (एआई) एजेन्डा शुरू गरेको छ। एआईले खेलकूदका लागि प्रदान गर्न सक्ने परिकल्पना गरिएको प्रभाव र आइओसीले कसरी विश्वव्यापी नेतृत्व गर्न चाहन्छ भन्ने कुराको स्थापना गरेको छ।

सन् २०१२ को लन्डन ओलम्पिक खेलहरूका लागि स्थलमध्येको ली भ्याली भेलोपार्कमा आयोजित उद्घाटन कार्यक्रममा आइओसी अध्यक्ष थोमस बाचले 'ओलम्पिक एआई एजेन्डा'लाई यस क्षेत्रमा ओलम्पिक आन्दोलनका नेताद्वारा पहिलो दृष्टिकोणको रूपमा प्रस्तुत गरे।

उनले भने, "यो ओलम्पिक एआई एजेन्डाले अवसर र जोखिम दुवैलाई प्रस्तुत गर्छ। यो एक वैचारिक र एकै समयमा व्यावहारिक दृष्टिकोण हो। यसले हाम्रो दृष्टि र महत्त्वाकाङ्क्षालाई परिभाषित र एआईको पूर्ण क्षमतालाई अँगालेर हाम्रा मार्गदर्शक सिद्धान्तहरूलाई परिभाषित गर्छ।"

आइओसीले खेलाडीहरूलाई समर्थन गर्ने, स्वच्छ प्रतिस्पर्धा, सुरक्षित खेलकूद, एआईका फाइदाहरूमा समान पहुँच सुनिश्चित गर्ने, दिगोपन, बढ्दो संलग्नतामा ध्यान केन्द्रित गर्दै ओलम्पिक र पाराओलम्पिक खेल सञ्चालनलाई अनुकूलन गर्नेलगायत पाँचवटा मुख्य फोकस क्षेत्रहरूमा प्रभावकारीरूपमा लाभान्वित गर्ने रणनीतिक लक्ष्य परिभाषित गरेको छ।

अध्यक्ष बाचले ओलम्पिक एआई एजेन्डाको केन्द्र खेलाडीहरू रहेको उल्लेख गर्दै भने, "किनकि खेलाडीहरू ओलम्पिक आन्दोलनका मुटु हुन्।" उनका अनुसार एआईले संसारका हरेक कुनामा खेलाडी र प्रतिभा पहिचान गर्न सहयोग गर्न सक्छ तथा थप खेलाडीहरूलाई व्यक्तिगत प्रशिक्षण विधि, उत्कृष्ट खेल उपकरण, फिट र स्वस्थ रहन थप व्यक्तिगत कार्यक्रमहरूमा पहुँच प्रदान गर्न सक्छ।

खेलकूद प्रदर्शनभन्दा बाहिर एआईले न्याय र रेफ्रीमा क्रान्ति ल्याउन सक्नेछ। यसबाट खेलकूदमा निष्पक्षतालाई बलियो बनाउने र खेलकूद सुरक्षामा सुधार ल्याउन सक्छ। एआईले खेलकूद कार्यक्रमहरूको आयोजनालाई अत्यन्त प्रभावकारी बनाउने, खेल प्रसारणलाई रूपान्तरण गर्ने र दर्शकको अनुभवलाई धेरै व्यक्तिगत राख्ने अध्यक्ष बाचले बताए। रासस

# अब आन्तरिक कलह हट्नुपर्छ –प्रम नेतान्याहु

तेलअभिभ, ८ वैशाख/एएनआई/टिपिएस

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले मोसादको मुख्यालय (इजरायलको अन्तर्राष्ट्रिय गुप्तचर एजेन्सी) भ्रमण गर्ने क्रममा निर्देशक डेभिड बार्निया र डिभिजन प्रमुखहरूको फोरमसँग भेटवार्ता गरेका छन्।

भेटवार्तामा प्रधानमन्त्री र मोसाद निर्देशकले बन्धकहरूलाई सकेसम्म चाँडो घर फर्काउन निरन्तर प्रयासको महत्त्वलाई उजागर गर्दै युद्धको समयमा देशमा एकताको आवश्यकता बारेमा छलफल गरेको जनाइएको छ।

भेटमा प्रम नेतान्याहुले भने, "अर्कोतर्फ दासत्वबाट मुक्तिसम्मको अवस्थामा यो पक्ष धेरै मूर्त छ। गाजामा अझै पनि राक्षसी प्रवृत्ति हावी छ।"

"हामी गाजामा आतङ्कवादलाई हराउन, बन्धकहरूलाई मुक्त गर्न र इरानसहितका खतरालाई हटाउन प्रतिबद्ध छौं," उनले भने, "यो ठूलो कामका लागि दुई कुराको आवश्यकता छ, पहिलो दृढ सङ्कल्प र अर्को एकता।"

"सबैभन्दा पहिला राष्ट्र बाहिरी दबाबले नभई आन्तरिक कलहले टुक्रिन्छ," नेतान्याहुले इजराइलमा आन्तरिक विभाजनका कारण हुने समस्याबारे भने, "हामी अस्तित्वको खतरामा भएकाले अब आन्तरिक कलहलाई हराउनुपर्छ र अस्तित्वको खतराको सामना गर्न हामीले सेनालाई एकताबद्ध बनाउनुपर्छ र तिनीहरूलाई विभाजित गर्नुहुन्न।" रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष कडापरिश्रम | वृष सुसमाचार |
| मिथुन उदरपीडा | कर्कट विजय |
| सिंह धनखति | कन्या भाग्योदय |
| तुला बेचैनी | वृश्चिक धनलाभ |
| धनु कर्मप्राप्ति | मकर प्रगति |
| कुम्भ कष्टानुभूति | मीन यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया






**शिवको मूर्ति:** तनहुँको बन्दीपुर गाउँपालिका–४ स्थित बन्दीपुर केबलकारको तल्लो स्टेशनमा निर्माण गरिएको शिव र लाटोकोसेरोको मूर्ति। बन्दीपुर केबलकार परियोजना नयाँ वर्षदेखि आंशिकरूपमा सञ्चालनमा आएको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

# देशभर पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव कायमै

काठमाडौं, ८ वैशाख/ रासस

हाल मुलकमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको बताउँदै जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले शनिवार देशका पहाडी भागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहेको जनाएको छ।

महाशाखाका अनुसार आज दिउँसो कोशी, बाग्मती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भागमा मौसम मुख्यतया सफा रहेको छ। कोशी, बाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका एक/दुई स्थानमा मेघगर्जन र चटयाङसहित हल्का वर्षा भएको छ। कोशी, बाग्मती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक/दुई स्थानमा पानी र हिउँ परेको छ।

त्यसैगरी, आज राति कोशी र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिक बदली हुने तथा बाँकी भागका मौसम सफा रहनेछ। कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना छ।

कोशी, बाग्मती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागका एक/दुई स्थानमा मेघगर्जन र चटयाङसहित हल्का वर्षा हुने सम्भावना छ। देशको उच्च पहाडी तथा हिमाली भेगका एक/दुई स्थानमा वर्षा र हिमपातको सम्भावना छ।

आज दिउँसो बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान र बाँकी प्रदेशका केही ठाउँमा तथा बेलुका गण्डकी र लुम्बिनीका केही स्थानमा हुरीबतास आएकाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर परेको छ।

**हिमाल ....**

नेपालका लागि शैक्षिक उन्नयन (लर्न) संस्था र अस्ट्रेलियामा पिटरको नेतृत्वमा क्वालिटी एजुकेशन संस्था दर्ता गरेर सहयोगलाई व्यवस्थित र पारदर्शी तथा शिक्षक तालीमलाई प्रभावकारी बनाउन थालिएको छ।

लर्न र क्वालिटी एजुकेशनको साझेदारीमा तत्कालीन शिख गाविसका विद्यालयमा शुरू गरिएको शिक्षक तालीम अहिले म्याग्दीका तीनवटा स्थानीय तहमा विस्तार भएको छ।

अन्नपूर्ण गाउँपालिकाका सबै विद्यालयमा कार्यरत शिक्षकलाई आधारभूत तथा स्तरीय शिक्षण सिकाइ सम्बन्धमा तालीम प्रदान गरिसकेको यस अभियान अन्तर्गत रघुगङ्गा र धवलागिरि गाउँपालिकाको साझेदारीमा समेत शिक्षक तालीमलाई कार्यान्वयनमा ल्याइएको लर्नका निर्देशक कृष्ण तिलिजाले बताए।

"अभियन्ता पिटरको नेतृत्वमा क्वालिटी एजुकेशनमार्फत हामीलाई वार्षिकरूपमा रु ७० देखि ७५ लाख बराबरको सहयोग आउँछ, हामीले यहाँ स्थानीय तहसँग साझेदारी गरेर शिक्षकलाई तालीम प्रदान गर्छौं, हामीले प्रदान गर्ने तालीमले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा रचनात्मक सहयोग पुग्ने गरेको छ, आगामी वर्षमा म्याग्दीका थप पालिकाहरूमा शिक्षक तालीमको अभियानलाई जोड्ने जमर्को गरेका छौं," तिलिजाले भने।

नेपालको हिमाललाई नजीकबाट नियाल्न भ्रमणमा आएका पिटरले यहाँको अवस्थालाई बुझेर शैक्षिक उन्नयनमा पुऱ्याएको योगदान प्रशंसनीय रहेको उनले बताए।

लर्न र क्वालिटी एजुकेशनसँग गाउँपालिकाले साझेदारीमा शिक्षकहरूलाई कक्षाकोठामा शैक्षिक सामग्री निर्माण, प्रयोग, कक्षाकोठा व्यवस्थापन, विषयगत शिक्षण सिकाइ तथा सिर्जनात्मक कलालगायत विषयमा तालीम प्रदान भएपछि सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारमा महत्त्वपूर्ण उपलब्धि भएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताए।

"गाउँपालिकाभित्रका सबै विद्यालयका शिक्षक कर्मचारीलाई छुट्टाछुट्टै ठाउँमा तालीम दिएका छौं, यो तालीमले शिक्षकलाई सिर्जनात्मक बनाउन र कक्षाकोठालाई शैक्षिक सामग्रीयुक्त बनाउन सहयोग गरेको पाएका छौं," अध्यक्ष भण्डारीले भने। लर्न र क्वालिटी एजुकेशनले शिक्षक तालीमसँगै सामुदायिक विद्यालयहरूमा आधुनिक कम्प्युटर प्रयोगशालासमेत स्थापना गर्न थालेको छ।

क्वालिटी एजुकेशन नेपाल, अस्ट्रेलिया र एजुटेक नेपाल, न्युजिल्यान्डको आर्थिक सहयोगमा लर्नले विद्यालयहरूमा आधुनिक कम्प्युटर प्रयोगशाला स्थापना गर्न थालेको हो।

यस वर्ष जिल्लाको रघुगङ्गा–३ मौवाफाँटको ज्ञानोदय मावि, अन्नपूर्ण–४ नारच्याङको प्रभा मावि र धवलागिरि–४ मुदीको बुद्धिविकास माविमा २०/२० वटा कम्प्युटरको व्यवस्थापन गरेर सर्भर प्रणाली जडान भएको साथै कम्प्युटर कक्ष र प्रयोगशाला सञ्चालनमा ल्याइएको छ।



**डढेलोको कारण उजुङको सिङ्गो बस्ती जोखिममा:** गुल्मीको इस्मा गाउँपालिका– १ स्थित उजुङमा शनिवार दिउँसो लागेको डढेलो। डढेलोको कारण उजुङको सिङ्गो बस्ती जोखिममा छ। तस्बिरः जनार्दन घिमिरे/रासस

# ठोरी आँखा अस्पतालमा सरसफाइ

प्रस, ठोरी, ८ वैशाख/

ठोरी गाउँपालिका–२ स्थित भरतपुर ठोरी आँखा अस्पताल परिसरमा शनिवार अस्पताल व्यवस्थापन समितिका कोषाध्यक्ष अनन्तकुमार श्रेष्ठले बताए । गरिने लक्ष्य रहेको कोषाध्यक्ष श्रेष्ठले बताए ।

उनले भोलि वैशाख ९ गते चितवनको


तस्वीर: प्रतीक

सरसफाइ गरिएको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं ठोरी गापाका वडाध्यक्ष अमृतकृष्ण सापकोटाको नेतृत्वमा अस्पताल परिवार, जनपद, सशस्त्र प्रहरी तथा नेपाल रेडक्रस सोसाइटी ठोरी शाखाको संयुक्त सहभागितामा आँखा अस्पताल परिसर सरसफाइ गरिएको

यही वैशाख १२ गते आँखा अस्पतालले १०औं स्थापना दिवस मनाउँदैछ । २०७२ वैशाख १२ गते स्थापना भएको भरतपुर ठोरी आँखा अस्पतालले स्थापना दिवसको अवसरमा आज सफाइ गरेको छ भने वैशाख ११ गते निश्शुल्क आँखा परीक्षण गर्ने र मोतीबिन्दु भएका ३० देखि ४० जनाको निश्शुल्क शल्यक्रिया

हनुमानझुलामा डिएसटी क्याम्प सञ्चालन गरिने र क्याम्पबाट छनोट भएका र ठोरी गापा तथा भारतीय बिरामीलगायत उक्त दिन आउने सबै बिरामीको निश्शुल्क आँखा चेकजाँच गरिने र सोमध्ये मोतीबिन्दु भएका ४० जना बिरामीको निश्शुल्क शल्यक्रिया गरिने कोषाध्यक्ष श्रेष्ठले बताए ।

# वीरगंज भन्सारद्वारा आठ महीनामा एक खर्ब १४ अर्ब राजस्व सङ्कलन

पर्सा, ८ वैशाख/ रासस

वीरगंज भन्सार कार्यालयले चालू आर्थिक वर्षको हालसम्ममा रु एक खर्बभन्दा बढी राजस्व सङ्कलन गरेको छ। चालू आर्थिक वर्षको साउनदेखि चैतसम्ममा कार्यालयले रु एक खर्ब १४ अर्ब १६ करोड राजस्व सङ्कलन गर्न सकेको हो ।

चालू आवको नौ महीनामा भन्सार विभागले रु एक खर्ब ८१ अर्ब ९९ करोडको लक्ष्य निर्धारण गरेको थियो। कार्यालयले लक्ष्यभन्दा रु ६७ अर्ब ८२ करोड कम राजस्व सङ्कलन गरेको छ ।

विश्व आर्थिक मन्दीको प्रभावले राजस्वको लक्ष्य हासिल गर्न नसकिएको वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी प्रकाश सुवेदीले जानकारी दिए।

उनले सवारीसाधन तथा इन्धनको आयातमा आएको कमीले राजस्व सङ्कलनलाई प्रभावित गरेको बताए ।गत आवको तुलनामा चालू आवभित्र कारोबारमा केही सुधार देखिए पनि कोरोनाकालअगाडिको अवस्थामा फर्किन नसकेको अधिकृत सुवेदीले जानकारी दिए।

उनले गत आवको नौ महीनाका लागि विभागले दिएको लक्ष्यको तुलनामा ६० प्रतिशत मात्र राजस्व सङ्कलन भएको बताए।


## महीनावारीको समयमा ध्यान दिऔं

- नियमितरूपमा नुहाउने, लगाएको कपड फेर्ने र साबुन–पानीले बेलाबेलामा हात धुने गरौं,
- सेनिटरी प्याड वा सफा र नरम खालको सुतीको कपडाको प्रयोग गरौं,
- कम्तीमा चारदेखि छ घण्टाको फरकमा सेनिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडहरू धोएपछि घाममा राम्रोसँग सुकाएर मात्र पुनः प्रयोग गरौं,
- सामान्य शारीरिक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्त मात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं।

**सरसफाइमा विशेष ध्यान दिऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**







**भन्सार ....**

पार्टीहरूले राखेका सामान भन्सार तथा सशस्त्रको टोलीले गैरकानूनी तरीकाबाट नियन्त्रणमा लिएको आरोप लगाएका छन् । उनले वडा प्रतिनिधिसमेतलाई नराखेर गैरकानूनी तरीकाबाट गोदामको ताला तोडिएको र त्यहाँ रहेका बिलबीजकका सामानहरू नियन्त्रणमा लिएर लगेको आरोप लगाए । उनले नेपालमा उत्पादित सामानहरूका साथै १७ जना व्यापारीका सामानहरू बिलबीजक नहेरी भन्सार प्रज्ञापनपत्र माग भएको र पार्टीलाई भनेर भोलि उपलब्ध गराउने बताए पनि अटेर गरेर ट्रान्सपोर्टबाट सामान लगेको गुनासो गरेका छन। भन्सार र सशस्त्रको संयुक्त टोलीले सबै कुरा भन्सार कार्यालयमा आएर गर्नुस् भनी घटनास्थलमा कुनै प्रमाण हेर्नै नचाहेको र सामानलाई जबरजस्ती लगेको बताए ।

वीरगंज भन्सार कार्यालयका प्रतिनिधिले भन्सार छली भित्रिएको आशङ्कामा सामान बरामद गरिएको र सोको छानबीन हुने बताए। उनले भन्सार प्रज्ञापनपत्र पार्टीले नदेखाएको बताए । उनले सूचनाका आधारमा भन्सार छलीका समान ट्रान्सपोर्टमा भण्डारण गरी राखिएको दाबी गरे। सशस्त्र प्रहरीले आज बिहान वीरगंज महानगरपालिका–२ ईदगाहबाट एउटा अटोरिक्शामा कपडा लगिएको र सोको पिछा गर्दै जाँदा दुर्गा ट्रान्सपोर्टमा लगेर त्यहाँको गोदाममा भण्डारण गरिएको पाइएपछि छापा सामान बरामद गरेको दाबी गरेको छ।

# खेलकूदको संसार

## हङकङद्वारा नेपाल चार विकेटले पराजित

काठमाडौं, ८ वैशाख/रासस

ओमानमा जारी एसिसी मेन्स प्रिमियर कप टी–२० क्रिकेट प्रतियोगिताको तेस्रो स्थानका लागि शनिवार भएको खेलमा


तस्वीर: सौजन्य

नेपाल पराजित भएको छ। हङकङले नेपाललाई चार विकेटले पराजित गरेको हो। जीतसँगै हङकङ इमर्जिङ एशिया कपमा छनोट भएको छ।

नेपालले दिएको १४० रनको लक्ष्य हङकङले १९ दशमलव तीन ओभरमा छ विकेटको क्षतिमा पूरा गऱ्यो । आजको खेलमा नेपालले कमजोर ब्याटिङ प्रदर्शन गर्दा जारी प्रतियोगितामा चौथो स्थानमा चित्त बुझाएको छ ।

नेपालका लागि दीपेन्द्र सिंह ऐरीले ४४, सन्दीप जोराले २२ र रोहितकुमार पौडेलले २१ रनबाहेक अन्य ब्याटरले उल्लेख्य रन बनाउन सकेनन् । ओपनर कुशल भुर्तेल आजको खेलमा पनि शून्य रनमा आउट भए ।

हङकङको जीतमा अंशुमनले ६५ रन बनाए। साथै बाबर हयातले २६ रनको पारी खेले। नेपालका लागि सोमपाल कामीले तीन र दीपेन्द्र सिंह ऐरीले दुई विकेट लिए ।

## भोजपुर गोल्डकपको तयारी पूरा

भोजपुर, ८ वैशाख/ रासस

भोजपुरमा आइतवारबाट सञ्चालन हुने सातौं अन्तर्राष्ट्रिय आमन्त्रित मेयर भोजपुर गोल्डकप प्रतियोगिताको सम्पूर्ण



तस्वीरः रासस

तयारी पूरा भएको छ। भोलि आइतवारदेखि १५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजक भोजपुर जिल्ला फूटबल सङ्घले शनिवार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ।

भोजपुर रङ्गशालामा सञ्चालन हुने प्रतियोगितामा 'ए' डिभिजनका दुई क्लबसहित आठवटा टोलीको सहभागिता रहने आयोजक जिल्ला फूटबल सङ्घका अध्यक्ष प्रवीण सुवालले जानकारी दिए।

गोल्डकपमा 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र विभागीय टोली त्रिभुवन आर्मी क्लबले सहभागिता जनाउनेछन् । प्रतियोगितामा जर्जियन फूटबल क्लब, भारत, त्रिभुवन आर्मी क्लब, काठमाडौं, चर्च ब्वाइज युनाइटेड, काठमाडौं, राजारानी फूटबल क्लब, धनकुटा, डाँगीहाट युथ क्लब, मोरङ, सलहेश युवा क्लब, सिराहा, भगवती स्पोर्ट्स क्लब, खोटाङ र आयोजक भोजपुर जिल्ला फूटबल सङ्घ गरी आठवटा टोलीको सहभागिता रहनेछ।

प्रतियोगिता सञ्चालनका लागि रु ४९ लाख २५ हजार पाँच सय लागत अनुमान गरिएको छ। भोजपुर नगरपालिकाले रु ३० लाख विनियोजन गरेको छ। बाँकी रकम प्रायोजकहरूबाट जुटाइनेछ। हालसम्म रु १० लाख रकम जुटेको आयोजकको भनाइ छ। प्रतियोगिताका विजेता तथा उपविजेताले उपाधिसहित क्रमशः नगद रु पाँच लाख र तीन लाख पाउनेछन् । व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षकले पुरस्कार पाउनेछन् ।

भोजपुर नगरपालिकाको मुख्य प्रायोजनमा सञ्चालन हुन लागेको प्रतियोगिताको सहप्रायोजक राष्ट्रिय वाणिज्य बैंक र प्रायोजकमा साल्ट ट्रेडिङ कर्पोरेशन, शिवम् फूटवेयर्स प्रालि, साङ्ग्रिला चप्पल, युडी बिल्डर्स भोजपुर र तेज कन्स्ट्रक्सन काभ्रे र संयुक्त बस व्यवसायी भोजपुर रहेका छन् ।

## लन्डन म्याराथन दौड प्रतियोगितामा नेपालका धावक दीक्षित छनोट

काठमाडौं, ८ वैशाख/रासस

विश्व चर्चित 'लन्डन म्याराथन दौड प्रतियोगिता'मा नेपालका तर्फबाट ललितपुर पाटनका कुशल दीक्षित छनोट भएका छन् ।



तस्वीरः सौजन्य

दौडसँग सम्बन्धित विभिन्न प्रक्रिया र मापदण्ड पूरा गरेपछि भाग लिन पाउने सो म्याराथन प्रतियोगितामा नेपालका तर्फबाट २० वर्षीय धावक दीक्षित मात्र छनोट भएका हुन् । विश्वको खेलकूद इतिहासमा 'लन्डन म्याराथन दौड प्रतियोगिता'मा भाग लिन पाउनुलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइन्छ ।

लामो दूरीको दौडतर्फ विश्वभर चर्चित सो म्याराथन प्रतियोगिता भोलि लन्डनमा हुँदैछ। सो प्रतियोगितामा भाग लिन विश्वका ५० हजारभन्दा बढी युवा खेलाडी लन्डन पुगिसकेका नेपाली धावकका हजुरबुबा डा सुन्दरमणि दीक्षितले जानकारी दिए ।

बच्चैदेखि शारीरिक व्यायाम र दौडमा रुचि राख्ने कुशलले भारतको नयाँ दिल्लीमा स्कूल पढ्ने क्रममा स्थानीय विद्यालयका साथै दिल्ली सरकारद्वारा आयोजित विभिन्न दौड प्रतियोगितामा कैयौं पुरस्कार तथा पदक जितेका डा दीक्षितले जानकारी दिए ।

संयुक्त राज्य अमेरिकाको सिकागोमा स्नातक तहमा अध्ययनरत युवा धावक कुशल म्याराथन प्रतियोगितामा भाग लिने सिलसिलामा अहिले लन्डन पुगेका छन् ।